श्री

# सर्वोच्च अदालत

## मुद्दा तथा रीट महाशाखा

## ( मुद्दा शाखा- च )

महाशाखा प्रमुख (फो.) ०१-४२६२४९०

फ्याक्सः ०१-४२६२८७८,
४२६२३९८, ४२६२३९७, ४२६२८९५

Website: www.supremecourt.gov.np

Email:mudda.mahasakha@supremecourt.gov.np

मितिः २०७८/१०/१३

च. नं.: ७८१-३-३२३०१

मुद्दा नं.: ०७३-CR-०५०९

विषयःछिनुवा मिसिल पठाएको सम्बन्धमा ।

श्री ओखलढुंगा जिल्ला अदालत

पुनरावेदक / निवेदक सोकर्ण श्रेष्ठ र प्रत्यर्थी / विपक्ष नेपाल सरकार भएको वहुविवाह मुद्दामा यस अदालतबाट मिति २०७७/१०/२० मा फैसला भएकोले सो फैसला / अन्तिम आदेशको प्रमाणित प्रतिलिपि साथै राखि तपसिलमा उल्लेखित शुरु मिसिल तथा प्रमाण मिसिल यसै पत्रसाथ पठाइएको छ । फैसला बमोजिम गर्न हुन अनुरोध छ ।

तपसिल

| बादी | प्रतिवादी | मुद्दा | मुद्दा नं. | रजिष्ट्रेशन नं. | फैसला मिति |
|---|---|---|---|---|---|
| नेपाल सरकार | सोकर्ण श्रेष्ठ | वहुविवाह | २०६६-२/३९ | | २०६८/०२/२२ |
| विशाल श्रेष्ठ समेत | भिमबहादुर श्रेष्ठ समेत | अंशचलन | ०६५ सालको सा.दे.न.२८/६६ | | २०६६/१२/२५ |
| अञ्जना श्रेष्ठ समेत | भिम बहादुर श्रेष्ठ समेत | अंश दपोट | ०६८ सालको दे.न.३१३ | | २०६९/०३/२१ |
| | | | ०७०-AP-४५७ | | |

वोधार्थ तथा कार्यार्थः श्री उच्च अदालत जनकपुर राजविराज इजलास

माथि उल्लिखत मुद्दाको फैसला र अन्तिम आदेशको प्रमाणित प्रतिलिपि सहित देहायको त्यहाँको रेकर्ड मिसिल र प्रमाण मिसिल पठाइएको छ । फैसला बमोजिम गर्नु हुन अनुरोध छ ।

| बादी | प्रतिवादी | मुद्दा | मुद्दा नं. | रजिष्ट्रेशन नं. | फैसला मिति |
|---|---|---|---|---|---|
| नेपाल सरकार | सोकर्ण श्रेष्ठ | वहुविवाह | २०६९-CS-००८३ | | २०७०/०६/०२ |
| भिमबहादुर श्रेष्ठ | अञ्जना श्रेष्ठ | अंश दपोट | ०६९-DP-०७१९ | | २०७०/०२/२५ |

बोधार्थ- श्री महान्यायधिवक्ताको कार्यालय

बोधार्थ- श्री तहशिल शाखा श्री ओखलढुंगा जिल्ला अदालत

बोधार्थ- श्री जिल्ला प्रहरी कार्यालय ओखलढुंगा

२०७८/१०/१४

प्रस्तुत पत्रको पत्रोतर गर्दा प्रस्तुत पत्रको मुद्दा नं. र चलानी नं. अनिवार्य उल्लेख गरि दिनु होला ।

महाशाखा प्रमुख (फो.) ०१-४२६२४९०
फ्याक्सः ०१-४२६२८७८,
४२६२३९८, ४२६२३९७, ४२६२८९५
Website: www.supremecourt.gov.np
Email:mudda.mahasakha@supremecourt.gov.np

श्री

# सर्वोच्च अदालत

## मुद्दा तथा रीट महाशाखा

## ( मुद्दा शाखा च )

मितिः २०७८/१०/१३

च. नं.: ७८१-३-३२३०१

मुद्दा नं.: ०७३-CR-०५०९

विषयःछिनुवा मिसिल पठाएको सम्बन्धमा ।

**श्री ओखलढुंगा जिल्ला अदालत**

पुनरावेदक / निवेदक सोकर्ण श्रेष्ठ र प्रत्यर्थी / विपक्ष नेपाल सरकार भएको वहुविवाह मुद्दामा यस अदालतबाट मिति २०७७/१०/२० मा फैसला भएकोले सो फैसला / अन्तिम आदेशको प्रमाणित प्रतिलिपि साथै राखि तपसिलमा उल्लेखित शुरु मिसिल तथा प्रमाण मिसिल यसै पत्रसाथ पठाइएको छ । फैसला बमोजिम गर्न हुन अनुरोध छ ।

तपसिल

| बादी | प्रतिवादी | मुद्दा | मुद्दा नं. | रजिष्ट्रेशन नं. | फैसला मिति |
|---|---|---|---|---|---|
| नेपाल सरकार | सोकर्ण श्रेष्ठ | वहुविवाह | २०६६-२/३९ | | २०६८/०२/२२ |
| विशाल श्रेष्ठ समेत | भिमबहादुर श्रेष्ठ समेत | अंशचलन | ०६५ सालको सा.दे.न.२८/६६ | | २०६६/१२/२५ |
| अञ्जना श्रेष्ठ समेत | भिम बहादुर श्रेष्ठ समेत | अंश दपोट | ०६८ सालको दे.न.३१३ | | २०६९/०३/२१ |
| | | | ०७०-AP-४५७ | | |

**वोधार्थ तथा कार्यार्थः श्री उच्च अदालत जनकपुर राजविराज इजलास**

माथि उल्लिखत मुद्दाको फैसला र अन्तिम आदेशको प्रमाणित प्रतिलिपि सहित देहायको त्यहाँको रेकर्ड मिसिल र प्रमाण मिसिल पठाइएको छ । फैसला बमोजिम गर्नु हुन अनुरोध छ ।

| बादी | प्रतिवादी | मुद्दा | मुद्दा नं. | रजिष्ट्रेशन नं. | फैसला मिति |
|---|---|---|---|---|---|
| नेपाल सरकार | सोकर्ण श्रेष्ठ | वहुविवाह | २०६९-CS-००८३ | | २०७०/०६/०२ |
| भिमबहादुर श्रेष्ठ | अञ्जना श्रेष्ठ | अंश दपोट | ०६९-DP-०७१९ | | २०७०/०२/२५ |

**बोधार्थ- श्री महान्यायधिवक्ताको कार्यालय**

**बोधार्थ- श्री तहशिल शाखा श्री ओखलढुंगा जिल्ला अदालत**

**बोधार्थ- श्री जिल्ला प्रहरी कार्यालय ओखलढुंगा**

२०७८।१०।१४

प्रस्तुत पत्रको पत्रोत्तर गर्दा प्रस्तुत पत्रको मुद्दा नं. र चलानी नं. अनिवार्य उल्लेख गरि दिनु होला ।

PARINP 1/27/2022 9:53:31 AM

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री मीरा खडका
माननीय न्यायाधीश श्री हरि प्रसाद फुयाल

# फैसला

०७३-CR-०५०९

मुद्दाः बहुविवाह।

भीमबहादुरको छोरा, ओखलढुङ्गा जिल्ला, नर्मदेश्वर गा.वि.स. वडा नं. ३ घर भई हाल रामेछाप जिल्ला, साँघुटार गा.वि.स. वडा नं. १ बस्ने सोकर्ण श्रेष्ठ ............१ पुनरावेदक प्रतिवादी

विरूद्ध

राजकुमारको पत्नी रामेछाप जिल्ला, साँघुटार गा.वि.स. वडा नं. १ बस्ने मायादेवी श्रेष्ठको जाहेरीले नेपाल सरकार ....................................१ प्रत्यर्थी वादी

शुरु तहमा फैसला गर्ने :- माननीय जिल्ला न्यायाधीश श्री किरण प्रसाद शिवाकोटी
ओखलढुङ्गा जिल्ला अदालत

फैसला मिति :- २०६८।०२।२२

पुनरावेदन तहमा फैसला गर्ने :- माननीय न्यायाधीश श्री मोहनबहादुर कार्की
माननीय न्यायाधीश श्री महेन्द्रराज गौतम
पुनरावेदन अदालत राजविराज

फैसला मिति :- २०७०।०६।०२

यस अदालतमा पुनरावेदन दर्ता मितिः- २०७३।०७।२४

यस अदालतबाट तत्कालीन न्याय प्रशासन ऐन, २०४८ को दफा १२(१) को (क) बमोजिम दोहोर्‍याई हेर्ने निस्सा प्रदान भई दर्ता हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र ठहर यस प्रकार छः-

## तथ्य खण्ड

१. म जाहेरवालाको बहिनी अञ्जना श्रेष्ट र सोकर्ण श्रेष्ट बीच २०५७।११।२७ मा विवाह भई निजको सहवासबाट मिति २०५९।०८।२६ मा एक छोराको जन्म भएको प्रतिवादी नीता मगर (श्रेष्ठ) समेत लाई थाहा थियो। सो थाहा हुँदाहुँदै नीता मगर र सोकर्ण श्रेष्ठले मेरी बहिनी अञ्जना श्रेष्ठ काठमाडौं रहे भएको मौका पारी मिति २०६५।०१।१५ गते ओखलढुङ्गा नर्मदेश्वर गा.वि.स. वडा नं. २ स्थित मन्दिरमा गई सिन्दुर पोते लिनु दिनु गरी सोकर्ण श्रेष्ठ र नीता मगर (श्रेष्ठ) ले जानी बुझी बहुविवाह गरेको हुँदा बुझ्नुपर्ने प्रमाण बुझी निज प्रतिवादीहरुलाई हदैसम्मको कानूनी कारबाही गरी पाउँ भन्ने सोकर्ण श्रेष्ठको जेठी सासु मायादेवी श्रेष्ठको जाहेरी दरखास्त।

२. ओखलढुङ्गा जिल्ला, नर्मदेश्वर गा.वि.सं. वडा नं. २ स्थित पूर्वमा तारा बहादुर मगरको घर पश्चिममा नमर्देश्वर खोला उत्तर र दक्षिणमा लिखु खोला यति ४ किल्ला भित्रको नर्मदेश्वर महादेव मन्दिरमा मिति २०६५।०१।१५ गते सोकर्ण श्रेष्ठले नीता मगरलाई दोस्रो श्रीमतीको रुपमा विवाह गरी कान्छी श्रीमती बनाएको भन्नेसमेत व्यहोराको घटनास्थल प्रकृति मुचुल्का।

३. प्रतिवादी सोकर्ण श्रेष्ठ र नीता मगरलाई खोजतलास गर्दा फेला नपरेको, जेठी श्रीमती अञ्जना श्रेष्ठ पनि गाउँ घरमा नभएको निजहरुलाई सम्पर्कमा ल्याउन नसकिएको भन्नेसमेत व्यहोराको भीमबहादुर बस्नेत समतको संयुक्त प्रतिवेदन।

४. जाहेरवालाको बहिनी अञ्जना श्रेष्ठ र प्रतिवादी सोकर्ण श्रेष्ठ बीचमा सामाजिक परम्परा अनुसार २०५७।११।२७ मते विवाह भै निजहरुको सहवासबाट एक छोराको जन्म भएको छ। सोकर्ण श्रेष्ठले मिति २०६५।०१।१५ गतेका दिन नीता मगरलाई फकाई फुल्याई मन्दिरमा ल्याई सिन्दुर पोते दिई विवाह गरेका हुन्। नीता मगरलाई सोकर्ण श्रेष्ठको जेठी पत्नी र छोरा समेत छ भन्ने कुरा थाहा थियो। जाहेरीमा उल्लिखित फोटो सोकर्ण श्रेष्ठ र अञ्जना श्रेष्ठ बीच विवाह हुँदा खिचेको र छोरासँग बसेको फोटो हुन् भन्नेसमेत व्यहोराको सन्द कुमार खड्काले गरेको कागज।

५. मिति २०५७।११।२७ मा सोकर्ण श्रेष्ठले अञ्जना श्रेष्ठसँग परम्परा अनुसार मागी विवाह गरेका हुन्। नीजहरुबाट १ (एक) छोरा विशाल श्रेष्ठको जन्म भएको छ। सोकर्ण श्रेष्ठले जेठी श्रीमती हुँदाहुँदै र नीता मगर श्रेष्ठले पनि सोकर्णको श्रीमती र १ छोरा छ भन्ने थाहा हुँदाहुँदै सोकर्ण श्रेष्ठ र नीता मगरले २०६५।०१।१५ गतेका दिन सिन्दुर पोते लिनु दिनु

गरी बहुविवाह गरेका हुन् भन्ने समेत एकै मिलान व्यहोराको वेद बहादुर श्रेष्ट, रुद्र बहादुर घिमिरे र भीमबहादुर श्रेष्ट समेतले गरेको छुट्टाछुट्टै कागज।

६. प्रतिवादी सोकर्ण श्रेष्टले जाहेरवालाको बहिनी अञ्जना श्रेष्ठसँग मिति २०५७।११।२७ गतेका दिन जातीय रितिरिवाज अनुसार विवाह गरी मिति २०५९।०८।२६ मा निजहरुबाट १ छोराको जन्म भएको छ। मिति २०६५।०१।१५ गते सोकर्ण श्रेष्ठले पहिलो श्रीमती अञ्जना श्रेष्ट हुँदाहुँदै दोस्रो श्रीमतीको रुपमा नीता मगरसँग विवाह गरी दुवै जनाले बहुविवाहको अपराध गरेको ठिक साँचो हो भन्ने समेत व्यहेसको दिनानाथ ढुंगेल समेत ३ जनाले एकै मिलान हुने गरी लेखाई दिएको वस्तुस्थिति मुचुल्का।

७. प्रतिवादी सोकर्ण श्रेष्ठ र अञ्जना श्रेष्ठ, बीचमा मिति २०५७।११।२८ मा सामाजिक परम्परा अनुसार र त्यसैगरी प्रतिवादी सोकर्ण र नीता मगर बीच २०६४।११।२८ गते विवाह भएको हो। प्रतिवादी सोकर्ण श्रेष्ठ र अञ्जना श्रेष्ठ बीचबाट मिति २०५९।०८।२६ मा एक छोरा विशाल श्रेष्ठको जन्म भएको हो भन्ने समेत व्यहाराको स्थानीय पञ्जिकाधिकारीको कार्यालय, नर्मदेश्वर गा.वि.स. को कार्यालयबाट जारी गरिएका विवाह दर्ता तथा जन्मदर्ताको व्यहोराको पुष्ट्याई हुने गरी निर्मदेश्वर गा.वि.स. को कार्यालय ओखलढुङ्गाबाट पठाएको च.नं. ९१ मिति २०६६।०२।१३ गतेको पत्र।

८. प्रतिवादी सोकर्ण श्रेष्ठले श्रीमती र छोरा हुँदाहुँदै अर्को श्रीमती विवाह गरेको र प्रतिवादी नीता मगरले पनि सोकर्ण श्रेष्ठको श्रीमती र छोरा छ भन्ने कुरा थाहा हुँदाहुँदै पनि एकापसमा मिली दुवै प्रतिवादीले एकापसमा लोग्ने स्वास्नी भई बसेको हुँदा प्रतिवादीहरु मध्ये सोकर्ण श्रेष्ठले मुलकी ऐन, विवाहवारीको ९ र ९(क) नं. अनुसारको कसूर अपराध गरेको र नीता मगर (श्रेष्ठ) ले ऐ.ऐन महलको १० नं. अनुसारको कसूर अपराध गरेको हुँदा प्रतिवादीहरुलाई सोही ऐन महलको १० नं. बमोजिम सजाय गरी पाउँ भन्नेसमेत व्यहोराको अभियोग मागदावी।

९. मैले दोस्रो विवाह नीता मगरसँग गरेको ठीक हो। जेठी श्रीमतीले छोडेको ५ वर्ष पछि मैले अर्को विवाह गरेको हो। जेठी श्रीमती घरमा नआउने, माइतमा नै बस्ने, छोरालाई अनाथालयमा राख्ने, गुण्डा लगाएर मलाई कुटाउने र मेरो सम्पत्ति समेत लुटी माइतमा नै लाने र जेठी श्रीमतीले घर व्यवहार लथालिङ्ग पारेको हुनाले मैले दोस्रो विवाह गरेको हो भन्ने समेत व्यहाराको प्रतिवादी सोकर्ण श्रेष्ठले अदालत समक्ष गरेको बयान।

१०. प्रतिवादी सोकर्ण श्रेष्ठले पहिलो पत्नी हुँदाहुँदै दोस्रो विवाह गरी बहुविवाह गरेकोमा सावित रही बयान गरेको देखिंदा यी प्रतिवादी कसूरदार होइनन् भनी मान्न सक्ने

अवस्था विद्यमान नदेखिंदा पछि थप प्रमाण बुझ्दै जाँदा ठहरे बमोजिम हुने नै हुँदा हाललाई मुलुकी ऐन, अ.बं. ११८(५) बमोजिम प्रतिवादीबाट रु.१५,०००।-(पन्ध्र हजार रुपैयाँ) नगद, धरौट वा जमानत लिई तारेखमा राख्नु भन्नेसमेत व्यहोराको शुरु अदालतको मिति २०६७।०५।२३ भएको थुनछेकको आदेश।

११. प्रतिवादीको जेठी पत्नी अञ्जना श्रेष्ट श्रीमानसँग नबसी आफ्नो दिदीसँग बसेको, प्रतिवादीले लिन जाँदा इन्कार गरी पति मरेको भनी छोरालाई अनाथलयमा राखेको, पतिलाई गुण्डा लगाई कुटपीट गराएकोले यी प्रतिवादीले बाध्य भएर दोस्रो विवाह गरेको हो भन्नेसमेत व्यहोराको प्रतिवादी सोकर्ण श्रेष्ठका साक्षी थीरबहादुर जोगीले अदालतमा गरेको बकपत्र।

१२. नीता मगरसँग विवाह हुनुभन्दा अगाडि अञ्जना श्रेष्ठ काठमाडौं गई बसेकी हुन्। बाध्यता भएर सोकर्ण श्रेष्ठले दोस्रो विवाह गरेको हो। सोकर्ण श्रेष्ठलाई दुःख दिने नियतले नै दिदीले निजलाई मुद्दा दिएको हो भन्नेसमेत व्यहोराको बुझिएका व्यक्ति रुद्रबहादुर घिमिरेले गरेको बकपत्र।

१३. शुरु अदालतबाट जारी म्याद मिति २०६७।०३।२७ मा प्रतिवादी नीता मगर आफैंले बुझे पनि म्यादै गुजारी बसेको पाइन्छ।

१४. प्रतिवादी सोकर्ण श्रेष्ठले घरमा श्रीमती हुँदाहुँदै मुलुकी ऐन, बिहावारीको महलको ९ नं. र ९ (क) नं. विपरीत हुने गरी दोस्रो श्रीमतीको रुपमा नीता मगर श्रेष्ठलाई विवाह गरी श्रीमती तुल्याएको देखिंदा निजले मुलुकी ऐन, बिहावारीको महलको ९ र ९ (क) नं. को कसूर गरेको स्पष्ट हुन आएकोले निजलाई सोही ऐन महलको १० नं. बमोजिम १ (एक) वर्ष कैद र रु.५,०००।-(पाँच हजार रुपैयाँ) जरिवाना हुने ठहर्छ। प्रतिवादी नीता मगर श्रेष्ठले मुलुकी ऐन, बिहावारीको महलको १० नं. अनुसारको कसूर गरेको पुष्टि भएकाले निजलाई सोही ऐन, महलको १० नं. बमीजिम १ (एक) वर्ष कैद र रु.५,०००।-(पाँच हजार रुपैयाँ) जरिवाना हुने ठहर्छ भन्नेसमेत व्यहोराको शुरु ओखलढुङ्गा जिल्ला अदालतको फैसला।

१५. पसलमा नोक्सानी गरी, झगडा गरी विनाकारण अञ्जना श्रेष्ठ माइत गई ३ वर्षभन्दा बढी बसेको र पटक पटक लिन जाँदा पनि नआएको, उल्टो म पुनरावेदक माथि मान्छे लगाई सांघातिक आक्रमण गराएको अवस्थामा २०६४।११।२८ मा नीता मगरसँग दोस्रो विवाह गरेपछि उक्त तथ्यलाई स्वीकार गरी अञ्जना श्रेष्ठले मिति २०६५।०४।१२ मा सा.दे.मु.नं. ६६।०२९ को ओखलढुङ्गा जिल्ला अदालतमा अंशचलन मुद्दा दर्ता गरेको र उक्त मुद्दामा म लगायत सौता नीता मगरलाई समेत प्रतिवादी बनाइएको छ। मेरो जेठी

श्रीमती अञ्जना श्रेष्ठले दायर गरेको अंश मुद्दामा निजले हामी उपर बहुविवाह गरेकोमा जिल्ला प्रहरी कार्यालय, ओखलढुङ्गामा जाहेरी दिएको कुरा उल्लेख गरेकी छिन्। निजले जाहेरी दरखास्त दिएको कुरा जिल्ला प्रहरी कार्यालय, ओखलढुङ्गाबाट प्रमाणित भएर आएको छ। जिल्ला प्रहरी कार्यालय, ओखलढुङ्गामा मेरो जेठी श्रीमती अञ्जना श्रेष्ठले मिति २०६५।०४।१२ भन्दा अगाडि नै हामीहरु उपर बहुविवाह गरेकोमा कारवाही गरी पाउँ भनी दिएको जाहेरी दरखास्तमा केही नगरी मायादेवी श्रेष्ठले दिएको मिति २०६५।११।२७ को जाहेरी दरखास्तबाट मात्र जिल्ला प्रहरी कार्यालय, ओखलढुङ्गाले अनुसन्धान तहकिकात गरी मेरो जेठी श्रीमती अञ्जना श्रेष्ठले दिएको ज़ाहेरी दरखास्तको मितिबाट तीन महिनाको हदम्याद नघाई मिति २०६६।०२।१८ मा ओखलढुङ्गा जिल्ला अदालतमा मुद्दा दायर गरको अवस्था छ। प्रस्तुत मुद्दा हदम्यादको अभावमा खारेज गर्नुपर्नेमा म समेतलाई अभियोग मागदावी बमोजिम बहुविवाहको कसूरमा सजाय समेत गरेको ओखलढुङ्गा जिल्ला अदालतको फैसला त्रुटिपूर्ण हुँदा बदर गरी हदम्यादको अभावमा प्रस्तुत मुद्दा खारेज गरी पाउँ भन्नेसमेत व्यहोराको प्रतिवादी सोकर्ण श्रेष्ठले पुनरावेदन अदालत राजविराजमा पेश गरेको पुनरावेदनपत्र।

१६. यी पुनरावेदक प्रतिवादीले घरमा पहिलो श्रीमती हुँदाहुँदै दोस्रो श्रीमतीको रुपमा नीता मगर श्रेष्ठलाई विवाह गरी मुलुकी ऐन, बिहावारीमहलको ९ र ९(क) नं. को कसूर गरेकोमा यी पुनरावेदक प्रतिवादी सोकर्ण श्रेष्ठलाई सोही ऐनको बिहावारी महलको १० नं. बमोजिम १(एक) वर्ष कैद र रु.५,०००।-(पाँच हजार रुपैयाँ) जरिवाना हुने ठहर गरी भएको शुरु ओखलढुङ्गा जिल्ला अदालतको मिति २०६८।०२।२२ को फैसला मिलेकै देखिंदा सदर हुने ठहर्छ भन्नेसमेत व्यहोराको पुनरावेदन अदालत राजविराजबाट भएको मिति २०७०।०६।०२ को फैसला।

१७. मेरो जेठी श्रीमतीले पत्नीको दायित्व पुरा नगरी ५ वर्ष भन्दा बढी समय देखि घरमा नबसी मेरो र छोराको हित विपरीत काम गरी, छोरालाई बाबु छैन भनी अनाथालयमा राखी गैर जिम्मेवार काम गरी घर छोडी हिडेको कारण बाध्य भई मैले दोस्रो विवाह गरेको तथ्य स्थानीय गाउँ समाज, र जेठी श्रीमती र प्रहरी प्रशासन सबैलाई तत्काल थाहा भएको विषय हो। जेठी श्रीमतीले अंशसमेत लिई सकेको र कान्छी श्रीमती तर्फबाट ५ वर्षको छोरासमेत भइसकेको अवस्थामा मलाई सजाय गर्नु अन्यायपूर्ण छ। जेठी श्रीमती स्वयंले मिति २०६५।०४।१२ भन्दा अगाडिकै मितिमा मुद्दाको

अनुसन्धान गर्न अधिकार प्राप्त निकाय जिल्ला प्रहरी कार्यालय, ओखलढुङ्गा समक्ष पेश गरेको जाहेरी दरखास्त अनुसार कुनै कारवाही नगरी उनाउ मायादेवी श्रेष्ठको मिति २०६५।११।२८ को जाहेरीको आधारमा मिति २०६६।०२।१८ मा अभियोगपत्र दर्ता गरेकोले प्रस्तुत अभियोगपत्र वारदात भएको मिति २०६४।११।२८ को मितिबाट र जाहेरी परेको मिति २०६५।०४।१२ को मितिबाट ३ महिनाको हदम्याद नाघी दायर भएको देखिंदा खारेज गर्नु पर्नेमा इन्साफ गरेको शुरु तथा पुनरावेदन अदालत राजविराजको फैसलामा मुलुकी ऐन, बिहावारीको महलको ११ नं. को व्याख्यामा गम्भिर त्रुटि हुनुका साथै सर्वोच्च अदालतबाट प्रतिपादित नजिर पालन नगरी गलत किसिमले व्याख्या गरी प्रयोग गरेको हुँदा न्याय प्रशासन ऐन, २०४८ को दफा १२ को उपदफा १ को खण्ड (क) र (ख) बमोजिम मुद्दा दोहोर्‍याई हेरी हदम्यादको अभावमा प्रस्तुत मुद्दा खारेज गरी पाउँ भन्नेसमेत व्यहोराको प्रतिवादी सोकर्ण श्रेष्ठले यस अदालतमा पेश गरेको पुनरावेदनपत्र।

१८. यसमा अञ्जना श्रेष्ठले मिति २०६५।०४।१२ मा दायर गरेको अंश मुद्दाको फिरादको प्रकरण नं. २ मा सोकर्ण श्रेष्ठले दोस्रो पत्नी नीता मगरसित विवाह गरेको सम्बन्धमा जाहेरी दिएको कुरा लेखाई दिएकोमा सो जाहेरी जिल्ला प्रहरी कार्यालय, ओखलढुङ्गामा फेला परेतापनि कुनै कारवाहीको प्रकृया अगाडि नबढेको र निवेदकको दिदी मायादेवी श्रेष्ठको जाहेरीबाट मात्र कानूनी कारवाही अगाडि बढाएको कुरा सो कार्यालयले निवेदनमा जनाई दिएको भन्ने व्यहोराको कागज बहसको क्रममा विद्वान कानूनी व्यवसायी श्री शंकर सुवेदीले पेश गर्नु भएको देखिएबाट मिति २०६५।०४।१२ मा नै परी सकेको जाहेरी अनुसार अनुसन्धान कारवाही नचलाई मिति २०६५।११। २८ मा मायादेवी श्रेष्ठको जाहेरी अनुसार अनुसन्धान कारवाही अगाडि बढाई मिति २०६६।०२।१८ मा ओखलढुङ्गा जिल्ला अदालत समक्ष मुद्दा दायर भएको देखिंदा प्रस्तुत बहुविवाह मुद्दामा मुलुकी ऐन, बिहावारीको महलको ११ नं. मा उल्लिखित हदम्याद सम्बन्धी व्याख्यात्मक प्रश्न समावेश रहेकोले न्याय प्रशासन ऐन, २०७३ को दफा १२(१) (क) अनुसार दोहोर्‍याई हेर्ने निस्सा प्रदान गरिदिएको छ। कानून बमोजिम गर्नुहोला भन्नेसमेत व्यहोराको यस अदालतबाट मिति २०७३।०६।०९ मा भएको आदेश।

## ठहर खण्ड

१९. नियमबमोजिम पेशी सूचीमा चढी निर्णयार्थ यस इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक प्रतिवादी तर्फबाट उपस्थित हुनुभएका विद्वान वरिष्ठ अधिवक्ता श्री

सतिशकृष्ण खरेल र विद्वान अधिवक्ता श्री शंकर सुवेदीले यी पुनरावेदक प्रतिवादी सोकर्ण श्रेष्ठको जेठी श्रीमती अञ्जना श्रेष्ठले आफ्नै श्रीमान प्रतिवादी सोकर्ण श्रेष्ठलाई सांघातिक आक्रमण गराएको, ५ वर्ष देखि घरमा नबसी माइतीमा गई बसेको, छोरालाई बाबु छैन भनी अनाथलयमा राखेको, छोराको हित विपरीत कार्य गरेको तथा हाल निज जेठी श्रीमती अंश लिई छुट्टै बसी सकेको अवस्थामा यी प्रतिवादीलाई बहुविवाहको कसूरमा सजाय गरेको अन्यायपूर्ण र कानून विपरीत छ। यी प्रतिवादी सोकर्ण श्रेष्ठको जेठी पत्नी अञ्जना श्रेष्ठले यी प्रतिवादी सोकर्ण श्रेष्ठ र निजकी कान्छी पत्नी अर्का प्रतिवादी नीता मगरसमेत उपर मिति २०६५।०४।१२ मा अंश मुद्दा दायर गर्दा यसै घटनाको सम्वन्धमा जिल्ला प्रहरी कार्यालय, ओखलढुङ्गामा जाहेरी दिएको भनी फिरादपत्रमा उल्लेख गरेको देखिंदा अंश मुद्दा परेको मिति २०६५।०४।१२ भन्दा अगाडि नै दोस्रो विवाह गरेको पुष्टि हुन्छ। यी प्रतिवादीको जेठी पत्नी अञ्जना श्रेष्ठले दिएको जिल्ला प्रहरी कार्यालय, ओखलढुङ्गाबाट प्राप्त जाहेरी दरखास्तको प्रतिलिपिको पीठमा यसै बमोजिमको जाहेरी दरखास्त यस कार्यालयमा फेला परेतापनि कुनै कानूनी प्रकृया अगाडि नबढेको र निवेदकको दिदी मायादेवी श्रेष्ठको जाहेरी दरखास्तबाट मात्र कानूनी कारवाही अगाडि बढाएको भनी जिल्ला प्रहरी कार्यालय, ओखलढुङ्गाले प्रमाणित गरिदिएको छ। यसबाट यसै घटनाको सम्बन्धमा यी प्रतिवादीको जेठी पत्नीले फिराद दायर गरेको मिति २०६५।०४।१२ भन्दा अगाडि नै ओखलढुङ्गा जिल्ला अदालतमा जाहेरी दिएको पुष्टि भइरहेको अवस्था छ। जेठी श्रीमती अञ्जना श्रेष्ठले दिएको पहिलो जाहेरी दरखास्तबाट नै जिल्ला प्रहरी कार्यालय, ओखलढुङ्गाले घटनाको जानकारी प्राप्त गरेकोमा उक्त जाहेरी दरखास्तमा कुनै कारवाही नगरी पछि दिदी मायादेवी श्रेष्ठले मिति २०६५।११।२८ मा दिएको जाहेरीको आधारमा अनुसन्धान भई मिति २०६६।०२।०८ मा अभियोगपत्र दर्ता गराएकोले प्रस्तुत अभियोगपत्र मुलुकी ऐन, बिहावारी महलको ११ नं. ले तोकेको थाहा पाएको मितिबाट ३ महिना नाघी दायर भएको हुँदा प्रस्तुत मुद्दा हदम्यादको अभावमा खारेज हुनु पर्छ भनी गर्नु भएको बहस सुनियो।

२०. त्यस्तै प्रत्यर्थी प्रतिवादी नेपाल सरकार तर्फबाट उपस्थित हुनु भएका विद्वान उप-न्यायाधिवक्ता श्री प्रकाश मरासिनीले यी पुनरावेदक प्रतिवादी सोकर्ण श्रेष्ठले आफ्नो जेठी पत्नी अञ्जना श्रेष्ठ रहे भएको अवस्थामा अर्का प्रतिवादी नीता मगरलाई दोस्रो श्रीमतीको रुपमा विवाह गरी निज प्रतिवादी समेतले बहुविवाहको कसूर गरेको हुँदा यी

प्रतिवादी समेतलाई बुहविवाहको कसूरमा सजायसमेत गरेको शुरु ओखलढुङ्गा जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत राजविराजको फैसला कानून सम्मत छ। यी प्रतिवादीको पहिलो श्रीमती अञ्जना श्रेष्ठको जाहेरी दर्ता नभएको र मायादेवी श्रेष्ठले दर्ता गराएको जाहेरी दरखास्तको आधारमा हदम्याद भित्रै प्रस्तुत मुद्दा दायर भएकोले हदम्यादको आधारमा प्रस्तुत मुद्दा खारेज हुने अवस्था विद्यमान नदेखिंदा यी प्रतिवादीलाई बहुविवाहको कसूरमा सजाय गरी भएको शुरु फैसला सदर गरेको पुनरावेदन अदालत राजविराजको फैसला मिलेको देखिंदा सदर हुनुपर्छ भनी गर्नुभएको वहस सुनियो।

२१. उपर्युक्त संक्षिप्त तथ्य तथा बहस जिकिर भएको प्रस्तुत मुद्दामा मिसिल संलग्न कागजातहरुको अध्ययन गर्दा निम्न प्रश्नहरुमा निर्णय दिनुपर्ने देखिन आयो।

क. वादीको अभियोगपत्र हदम्याद भित्र दर्ता भएको छ, छैन ?

ख. पुनरावेदन अदालत राजविराजबाट भएको फैसला मिलेको छ,छैन ?

ग. यी पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न सक्ने हो, होइन ?

२२. पहिलो प्रश्नतर्फ विचार गर्दा, मिसिल संलग्न जाहेरी दरखास्त, प्रतिवादीले अदालतमा गरेको बयान, घटना विवरण कागज, साक्षीहरुको बकपत्र, गाउँ विकास समितिबाट प्राप्त विवाह दर्ता प्रमाणपत्रको प्रतिलिपि, प्रतिवादीले यस अदालतमा पेश गरेको पुनरावेदनपत्रको व्यहोराबाट समेत यी प्रतिवादी सोकर्ण श्रेष्ठले आफ्नो जेठी पत्नी अञ्जना श्रेष्ठ हुँदाहुँदै नीता मगरसँग दोस्रो विवाह गरेकोमा विवाद देखिदैन।

२३. प्रतिवादी सोकर्ण श्रेष्ठको पहिलो पत्नी अञ्जना श्रेष्ठले मिति २०६५।०४।१२ मा पति सोकर्ण श्रेष्ठ उपर ओखलढुङ्गा जिल्ला अदालतमा दायर गरेको अंश मुद्दामा नीता मगरलाई समेत प्रतिवादी बनाएको र फिरादपत्रको प्रकरण २ मा यी प्रतिवादी सोकर्ण श्रेष्ठले प्रतिवादी नीता मगरसित मिति २०६५।१।१५ मा दोस्रो विवाह गरेको सम्बन्धमा जिल्ला प्रहरी कार्यालय, ओखलढुङ्गामा जाहेरी दिएको कुरा उल्लेख गरेको मिसिल संलग्न उक्त फिरादपत्रको प्रतिलिपिबाट देखिन्छ। जिल्ला प्रहरी कार्यालय, ओखलढुङ्गाबाट प्राप्त यी प्रतिवादीको जेठी श्रीमती अञ्जना श्रेष्ठले यसै घटनाको सम्बन्धमा जिल्ला प्रहरी कार्यालय, ओखलढुङ्गामा दिएको मिसिल संलग्न जाहेरी दरखास्तको सक्कल प्रति हेर्दा, यी प्रतिवादी सोकर्ण श्रेष्ठसँग मेरो मिति २०५७।११।२७ मा विवाह भई हाम्रो एउटा छोरासमेत भएको अवस्थामा मेरो पति सोकर्ण श्रेष्ठले नीता मगरसँग दोस्रो विवाह गरी बहुविवाह गरेको हुँदा निजहरुलाई

कानूनी कारवाही गरी पाउँ भनी जिल्ला प्रहरी कार्यालय, ओखलढुङ्गामा जाहेरी दरखास्त दिएको उक्त जाहेरी दरखास्तको व्यहोराबाट देखिन्छ भने सो जाहेरी दरखास्तको किनारामा अधिवक्ता टुकराज निरौलाले मस्यौदा गर्ने भनी सहिछाप गरेको र जाहेरवाला अञ्जना श्रेष्ठले ल्याप्चे र हस्ताक्षर दुवै सहिछाप गरेको देखिन्छ। साथै यी पुनरावेदकले यस अदालतमा प्रस्तुत मुद्दा दोहोऱ्याई पाउँ भनी दिएको निवेदन साथ पेश गरेको उक्त जाहेरी दरखास्तको प्रतिलिपि हेर्दा उक्त दरखास्तको पीठमा यसै नक्कल बमोजिमको जाहेरी दरखास्त यस कार्यालयमा फेला परेतापनि कुनै कानूनी कारवाहीको प्रकृया अगाडि नबढेको र निवेदकको दिदी मायादेवी श्रेष्ठको जाहेरीबाट मात्र कानूनी कारवाही अगाडि बढाइएको व्यहोरा प्रमाणित गरिन्छ भनी नक्कल दस्तुर बापतको टिकट रद्द गरी अड्डाको छाप लगाई जिल्ला प्रहरी कार्यालय, ओखलढुङ्गाबाट प्रमाणित गरिदिएको समेत देखिन्छ।

२४. जिल्ला प्रहरी कार्यालय, ओखलढुङ्गाबाट प्राप्त उक्त सक्कल जाहेरी दरखास्त तथा जाहेरी दरखास्तको प्रतिलिपिमा प्रमाणित गरी दिएको उक्त व्यहोराबाट यी पुनरावेदक प्रतिवादी सोकर्ण श्रेष्ठ उपर निजको जेठी श्रीमती अञ्जना श्रेष्ठको पहिलो जाहेरी परेको तथ्य पुष्टि भएको छ। अञ्जना श्रेष्ठले यी प्रतिवादी उपर मिति २०६५।०४।१२ मा दायर गरेको अंश मुद्दाको फिरादपत्रमा नै यी प्रतिवादी सोकर्ण श्रेष्ठले नीता मगरसँग दोस्रो विवाह गरेको सम्बन्धमा जाहेरी दरखास्त दिएको छु भनी उल्लेख गरी निज नीता मगरलाई समेत प्रतिवादी कायम गरेबाट यी प्रतिवादीले नीता मगरसँग बहुविवाह गरेकोमा कारवाहीको लागि मिति २०६५।०४।१२ मा नै निजको जेठी श्रीमती अञ्जना श्रेष्ठको जाहेरी दरखास्त साधिकार निकाय जिल्ला प्रहरी कार्यालय, ओखलढुङ्गामा परिसकेको देखियो।

२५. तत्काल विद्यमान सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूची १ अन्तर्गत बहुविवाह मुद्दा पनि परेकोले यो मुद्दा सरकारवादी हुने र ऐ. ऐनको दफा ३(३) अनुसार बहुविवाह सम्बन्धी जाहेरी दरखास्त लिई अनुसन्धान तहकिकात गर्ने अधिकार सम्बन्धित प्रहरी कार्यालयमा रहेको छ। यसरी बहुविवाह मुद्दामा अनुसन्धान तहकिकात गरी मुद्दा चलाउन कानूनले अधिकार क्षेत्र प्रदान गरिएको सक्षम निकाय जिल्ला प्रहरी कार्यालय, ओखलढुङ्गामा यी प्रतिवादी सोकर्ण श्रेष्ठको जेठी श्रीमती अञ्जना श्रेष्ठको घटीमा मिति २०६५।०४।१२ सम्ममा वा सो अघि नै जाहेरी दरखास्त परिसकेको देखिन्छ। आफू समक्ष परेको उक्त जाहेरी दरखास्त परेपछि त्यस्मा अनुसन्धान

तहकिकात गरी आफ्नो राय सहित मुद्दा चल्ने वा नचल्ने निर्णय गर्न र अभियोगपत्र तयार गरी मुद्दा दायर गर्नको लागि सक्कल मिसिल तथा दशी प्रमाण सहित सरकारी वकिल कार्यालय पटाउनु पर्ने कानूनी दायित्व ऐ. ऐनको दफा १७ ले प्रहरी कर्मचारीलाई सुम्पेको छ। तर प्रस्तुत मुद्दामा प्रतिवादीहरु बीच बहुविवाह भएको कुराको जानकारी प्रतिवादी सोकर्ण श्रेष्ठको जेठी श्रीमती अञ्जना श्रेष्टले मात्र पाएको नभै सक्षम निकाय जिल्ला प्रहरी कार्यालय, ओखलढुङ्गाले मिति २०६५।०४।१२ मा नै पाइसकेकोमा सो प्रहरी कार्यालयले उक्त जाहेरी दरखास्त उपर ऐ. ऐनको दफा ३ अनुसार तुरुन्त अनुसन्धान तहकिकात नगरी मिति २०६५।११।२८ मा निज अञ्जना श्रेष्टको दिदी मायादवी श्रेष्ठले दिएको जाहेरी दरखास्तको आधारमा अनुसन्धान तहकिकात शुरु गरी मिति २०६६।०२।१८ मा मात्र ओखलढुङ्गा जिल्ला अदालतमा मुद्दा दायर भएको देखिन्छ।

२६. बहुविवाह मुद्दामा कहिलेसम्म मुद्दा दर्ता गर्नुपर्ने हो भन्ने हदम्याद सम्बन्धी कानूनी व्यवस्थामा तत्काल विद्यमान मुलुकी ऐन, बिहावारी महलको ११ नं. ले व्यवस्था गरेको देखिन्छ। उक्त ११ नं. हेर्दा, "*यसै महलमा लेखिएको कुरा सो कुरा थाहा पाएको मितिले तीन महिना भित्र नालिस नदिए लाग्न सक्दैन* " भन्ने उल्लेख भएको देखिन्छ। यस नम्बरले बहुविवाहको घटना भएको थाहा पाएको मितिले तीन महिना भित्र अदालतमा मुद्दा दायर भई सकेको हुनु पर्ने बाध्यात्मक व्यवस्था गरेको देखिन्छ।

२७. यसै सन्दर्भमा नेपाल सरकार विरुद्ध महेश महरसमेत भएको बहुविवाह (ने.का.प. २०७६ साल, अंक १, नि.नं. १०१७८) मुद्दामा यस अदालतबाट "*मुद्दा चलाउन हकदैया रहेको निकाय वा व्यक्तिलाई हदम्याद लाग्ने हो कानूनमा थाहा पाएको मितिबाट हदम्याद कायम हुने गरी व्यवस्था भएको कुराको अर्थ अरु जो सुकैले थाहा पाएर हदम्याद शुरु हुदैन। मुद्दा चलाउन अधिकार पाएको वा हकदैया रहेको व्यक्ति वा निकायले थाहा पाएको मितिबाट हदम्यादको गणना गर्नुपर्ने भन्ने नै हो। यसरी गणना गर्ने प्रचलन तथा यस अदालतबाट मुद्दाको रोहमा प्रतिपादित सिद्धान्त प्रतिकूल हुने गरी बहुविवाह मुद्दामा जेठी पत्नीले थाहा पाएको मितिबाट हदम्याद कामय हुन्छ भन्नु मनासिव नदेखिने* " भनी सिद्धान्त समेत प्रतिपादित भएको देखिन्छ। उपरोक्त कानूनी व्यवस्था र सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्तलाई विचार गर्दा बहुविवाह मुद्दामा विहावारी महलको ११ नं. बमोजिम हदम्यादको गणना गर्दा कानून बमोजिम

अनुसन्धान तहकिकात गरी मुद्दा चलाउने अधिकार प्राप्त गरेको निकाय अर्थात प्रहरी कार्यालयमा जाहेरी परेको मितिबाट हदम्याद गणना गर्नुपर्ने देखिन आयो।

२८. अब प्रस्तुत मुद्दामा कानूनले तोकेको उक्त हदम्याद भित्र वादीले अभियोगपत्र दायर गरेको छ छैन ? भन्नेतर्फ विचार गरौं। मुलुकी ऐन, बिहावारी महलले गरेको हदम्याद सम्बन्धी व्यवस्था र सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्तबाट समेत यी प्रतिवादी सोकर्ण श्रेष्ठको जेठी पत्नी अञ्जना श्रेष्ठले यी प्रतिवादीहरु उपर बहुविवाहको कसूर गरकोमा कानून बमोजिम कारवाही गरी पाउँ भनी जिल्ला प्रहरी कार्यालय, ओखलढुङ्गामा मिति २०६५।०४।१२ मा जाहेरी दरखास्त दिएबाट जिल्ला प्रहरी कार्यालय, ओखलढुङ्गालाई प्रतिवादी सोकर्ण श्रेष्ठले प्रतिवादी नीता मगरसँग बहुविवाह गरेको जानकारी सोही मितिमा प्राप्त गरेको देखियो। यसरी सो कसूरबारे जानकारी प्राप्त भएपछि उक्त जाहेरी दरखास्तको आधारमा जिल्ला प्रहरी कार्यालय, ओखलढुङ्गाबाट कानून बमोजिम अनुसन्धान तहकिकात गरी ३ महिना भित्रै ओखलढुङ्गा जिल्ला अदालतमा अभियोगपत्र दायर गर्नु पर्नेमा केही नगरी बसेको र यी जाहेरवाला मायादेवी श्रेष्ठले दिएको मिति २०६५।११।२८ को जाहेरी दरखास्तको आधारमा अनुसन्धान तहकिकात गरी पहिलो जाहेरी दरखास्त परेको मितिबाट ३ महिनाको हदम्याद नघाई यी प्रतिवादीहरु उपर मिति २०६६।०२।१८ मा ओखलढुङ्गा जिल्ला अदालतमा अभियोगपत्र दायर गरेको देखिंदा प्रस्तुत अभियोगपत्र ऐनले तोकेको हदम्याद भित्र दायर भएको पाइएन।

२९. अब पुनरावेदन अदालत राजविराजबाट भएको फैसला मिलेको छ, छैन? भन्ने दोस्रो प्रश्नको सम्बन्धमा विचार गर्दा, यी प्रतिवादी सोकर्ण श्रेष्ठ समेतलाई अभियोग मागदावी बमोजिम बहुविवाह गरेकोमा मुलुकी ऐन, बिहावारी महलको ९ र ९(क) नं. को कसूरमा सोही महलको १० नं. बमोजिम १(एक) वर्ष कैद र रु.५,०००।- (पाँच हजार रुपैयाँ) जरिवाना हुने ठहर गरेको शुरु ओखलढुङ्गा जिल्ला अदालतको फैसला सदर हुने ठहर गरी पुनरावेदन अदालत राजविराजबाट फैसला देखिन्छ।

३०. प्रतिवादी सोकर्ण श्रेष्ठले पुनरावेदन अदालत राजविराजमा पुनरावेदन गर्दा समेत मेरो जेठी पत्नी अञ्जना श्रेष्ठले दिएको पहिलो जाहेरी दरखास्तमा कुनै कारवाही नगरी मेरो जेठी सासु मायादेवी श्रेष्ठले दिएको दोस्रो जाहेरी दरखास्तको आधार अनुसन्धान तहकिकात गरी जिल्ला प्रहरी कार्यालय, ओखलढुङ्गाले हदम्याद नघाई ओखलढुङ्गा जिल्ला अदालतमा मुद्दा दायर गरेकोले प्रस्तुत अभियोगपत्र हदम्यादको अभावमा खारेज

गरी पाउँ भनी पुनरावेदन जिकिर लिएको देखिन्छ। पुनरावेदन अदालत राजविराजले यी प्रतिवादीको जेठी पत्नी अञ्जना श्रेष्ठले दिएको पहिलो जाहेरी दरखास्तको सम्बन्धमा केही नबुझी तथा केही विवेचना समेत नगरी मुद्दाको तथ्य भित्र प्रवेश गरी फैसला गरेको पाइयो।

३१. हदम्याद र हकदैया सम्बन्धी कानूनी प्रश्नमा मुद्दा जुनसुकै तहको अदालतमा विचाराधीन रहेको भएपनि उक्त अदालतले सो सम्बन्धमा निर्णय गर्न सक्ने नै देखिन्छ। मुद्दामा हदम्याद र हकदैयाको प्रश्न समावेश भएको देखिएमा मुद्दा जुनसुकै तहमा विचाराधीन रहेको भएतापनि पहिले हदम्याद र हकदैयाको सम्बन्धमा निर्णय गरेपछि मात्र मुद्दाको विषयमा प्रवेश गर्नुपर्छ। कानूनले कुनै मुद्दा दायर गर्नुपर्ने समय सिमा हदम्याद तोकेको छ भने सो तोकिएको हदम्याद भित्र मुद्दा अनिवार्य रुपमा दायर भइसकेको हुनुपर्छ। जुनसुकै मुद्दा जहिलेसुकै पनि दायर गर्न सकिने भए कानूनले नै हदम्याद सम्बन्धी व्यवस्था गर्नु आवश्यक नै हुँदैन। मुद्दा जहिलेसुकै लाग्छ भन्ने सोच नहोस् अर्थात् मुद्दा पर्ने अवधि अनिश्चित नहोस् भन्ने मनसाय राखेर नै विधायिकाले कानूनमा हदम्यादको व्यवस्था गरेको हुन्छ। यदि कुनै मुद्दा दायर गर्न हदम्याद कानूनले तोकेको छ भने मुद्दा गर्ने पक्ष चाहे त्यो व्यक्ति होस् वा सरकारी निकाय नै किन नहोस् त्यस्ले कानूनले तोकेको हदम्याद भित्र अनिवार्य रुपमा उक्त मुद्दा दायर गरी सक्नु पर्दछ। यदि कसैले हदम्याद नाघेर मुद्दा दर्ता गराउन ल्याउँछ भने त्यस्लाई अदालतले मद्दत गर्न सक्दैन।

३२. प्रस्तुत मुद्दामा प्रतिवादीले आफ्नो जेठी पत्नी अञ्जना श्रेष्ठले जिल्ला प्रहरी कार्यालय, ओखलढुङ्गामा पेश गरेको जाहेरी दरखास्तको आधारमा प्रस्तुत मुद्दा हदम्याद भित्र दायर भएको छैन भन्ने पुनरावेदन जिकिर लिएकोमा पुनरावेदन अदालत राजविराजले सो सम्बन्धमा बुझ्नु पर्ने प्रमाण बुझी सो सम्बन्धमा भएको कानूनी व्यवस्था र सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्तको आधारमा पहिले हदम्यादको सम्बन्धमा निर्णय गरी मुद्दाको विषयमा प्रवेश गर्नुपर्नेमा यी प्रतिवादीले जिकिर लिएको निजको जेठी पत्नी अञ्जना श्रेष्ठले जिल्ला प्रहरी कार्यालय, ओखलढुङ्गामा दर्ता गराएको जाहेरी दरखास्तको सम्बन्धमा केही नबुझी हदम्याद सम्बन्धमा कुनै विवेचना नै नगरी प्रस्तुत मुद्दाको विषयमा प्रवेश गरी यी प्रतिवादी समेतलाई अभियोग मागदावी बमोजिम बहुविवाहको कसूरमा सजाय समेत गरेको ओखलढुङ्गा जिल्ला अदालतको फैसला सदर

हुने ठहर गरेको पुनरावेदन अदालत राजविराजको फैसलामा विहावारी महलको ११ नं. को त्रुटी रहेको देखियो।

३३. अब पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न सक्छ, सक्दैन ? भन्ने तेस्रो प्रश्नको सम्बन्धमा विचार गर्दा, उपरोक्त विवेचित आधार र कारणहरुबाट यी प्रतिवादी सोकर्ण श्रेष्ठकी जेठी पत्नी अञ्जना श्रेष्ठले मिति २०६५।०४।१२ मा ओखलढुङ्गा जिल्ला अदालतमा यीनै प्रतिवादी उपर अंश मुद्दाको फिराद दायर गर्नु भन्दा अगाडि नै निज अञ्जना श्रेष्ठले साधिकार निकाय जिल्ला प्रहरी कार्यालय, ओखलढुङ्गामा जाहेरी दरखास्त पेश गरेकोमा जिल्ला प्रहरी कार्यालय, ओखलढुङ्गाले उक्त जाहेरी दरखास्तमा कानून बमोजिम अनुसन्धान तहकिकात गरी ऐनले तोकेको ३ महिनाको हदम्याद भित्र मुद्दा दायर गर्नुपर्नेमा केही नगरी त्यसै बसेको र यी प्रतिवादीको जेठी सासु मायादेवी श्रेष्ठले मिति २०६५।११।२८ मा दिएको जाहेरी दरखास्तको आधारमा अनुसन्धान तहकिकात गरी प्रतिवादीको जेठी पत्नी अञ्जना श्रेष्ठले दिएको जाहेरी दरखास्तको मितिबाट ऐनले तोकेको ३ महिना अवधी नघाई मिति २०६६।०२।०८ मा ओखलढुङ्गा जिल्ला अदालतमा अभियोगपत्र दायर गरेको देखियो। यसरी हदम्याद नघाई दायर भएको अभियोग पत्र हदम्यादको अभावमा खारेज गर्नुपर्नेमा मुद्दाको तथ्य भित्र प्रवेश गरी यी प्रतिवादी समेतलाई अभियोग मागदावी बमोजिम बहुविवाहको कसूरमा सजाय समेत गरेको ओखलढुङ्गा जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत राजविराजको मिति २०७०।०६।०२ को फैसला कानूनी त्रुटीपूर्ण हुँदा उल्टी भई प्रस्तुत अभियोगपत्र हदम्यादको अभावमा खारेज हुने ठहर्छ।

३४. तत्काल विद्यमान सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ अनुसार बहुविवाह मुद्दा सरकार वादी हुने फौजदारी मुद्दा भएको र सरकारवादी फौजदारी मुद्दामा जाहेरी दरखास्त परेपछि प्रहरी कार्यालयले कानूनले तोके बमोजिम अनुसन्धान तहकिकात गरी मुद्दा चलाउनु पर्ने देखिएमा हदम्याद भित्र सरकारी वकील मार्फत अदालतमा मुद्दा दायर गरी कसूरदारलाई सजाय दिलाउने निजको कर्तव्य हुन्छ। जाहेरी दरखास्त परेपछि कानून बमोजिम अनुसन्धान तहकिकात नगरी प्रहरी कार्यालयले त्यसै बस्नु मिल्ने देखिदैन। नेपाल सरकार वादी हुने फौजदारी कसूरमा जाहेरी दरखास्त परेपछि सो जाहेरी दरखास्त सम्बन्धमा कानूनले तोके बमोजिम अनुसन्धान तहकिकात गर्ने अधिकार प्राप्त गरेको जिल्ला प्रहरी कार्यालय, ओखलढुङ्गाले यी प्रतिवादीका जेठी पत्नीले पेश गरेको जाहेरी दरखास्तमा कुनै कारवाही नगरी कानूनले तोकेको जिम्मेवारी पुरा नगरेको

कारण प्रस्तुत मुद्दा हदम्याद भित्र दायर नभई हदम्याद नाघेको आधारमा खारेज हुने ठहरेकोले अब उपरान्त नेपाल सरकार वादी हुने फौजदारी मुद्दामा जाहेरी दरखास्त दर्ता भएपछि अविलम्ब कानूनले तोके बमोजिम अनुसन्धान तहकिकात गरी मुद्दा दायर गर्नुपर्ने भएमा सम्बन्धित निकायमा कानूनले तोकेको हदम्याद भित्रै मुद्दा दायर गर्न गराउन जिल्ला प्रहरी कार्यालय, ओखलढुङ्गालाई सचेत गराउनेसमेत ठहर्छ। अरुमा तपसील बमोजिम गर्नू।

तपसील

क) प्रस्तुत मुद्दा खारेज हुने ठहरेकोले प्रतिवादीहरु सोकर्ण श्रेष्ठ र नीता मगरको हकमा शुरु ओखलढुङ्गा जिल्ला अदालतले गरेको फैसला अनुसार राखेको कैद तथा जरिवाना समेतको लगत कट्टा गरी दिनु भनी शुरु ओखलढुङ्गा जिल्ला अदालत तहसिल शाखामा लेखी पठाइदिनू ........................................................................१

ख) प्रस्तुत फैसलाको प्रतिलिपि सहितको जानकारी महान्यायाधिवक्ताको कार्यालय तथा जिल्ला प्रहरी कार्यायलय; ओखलढुङ्गा समेतलाई दिनू ..........................................२

ग) प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी फैसलाको प्रति विद्युतीय प्रणालीमा अपलोड गरी मुद्दाको मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनू ..........................३

न्यायाधीश

उक्त रायमा सहमत छु।

न्यायाधीश

इजलास अधिकृत : अरुणकुमार कोइराला

कम्प्यूटर अपरेटर : समी नेपाली

इति संवत् २०७७ साल माघ २० गते रोज ३ शुभम् .........................................।